# लिसंखु पाखर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
छत्रपुर, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल

प.सं. २०७५/७६
च.नं.: १००९

मिति : २०७५।११।२३

विषय : **काठको राजश्व संकलन सम्बन्धमा ।**

**श्री वडा कार्यालय सबै**
लिसंखु पाखर गाउँपालिका ।

उपरोक्त सम्बन्धमा लिसंखु पाखर गाउँपालिका क्षेत्रभित्र बाट अन्यत्र निकासी हुने काठमा गा.पा. को आर्थिक ऐन बमोजिम प्रति क्यूफिट सल्ला जातको रु. १०।- र अन्य जातको रु. ५।- सेवा शुल्क दस्तुर लाग्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम यस गाउँपालिका बाट बाहिर निकासी हुने काठमा लाग्ने दस्तुर यस अघि सब डिभिजन वन कार्यालय डाँडापाखर बाट उठाइदै आएकोमा मिति २०७५।११।१५ को कार्यपालिका बैठकको निर्णय अनुसार अब उप्रान्त आर्थिक ऐनले व्यवस्था गरेको दर तथा वन कार्यालयले नापजाँच गरी निर्धारण गरेको पत्रका आधारमा सम्बन्धित वडा कार्यालयबाट सेवा शुल्क दस्तुर असूल गर्ने र प्रहरी कार्यालय वा सब डिभिजन वन कार्यालय वा गा.पा. का कर्मचारीबाट चेक जाँच गर्दा शुल्क नतिरी काठ निकासी गरेको पाइएमा सम्बन्धित प्रहरी कार्यलय एवं सव डिभिजन वन कार्यालयले रोक्का गरिदिने सम्बन्धमा स्थानीय प्रहरी चौकी एवं नजिकका अन्य सुरक्षा चेक जाँच पोष्ट लाई सहयोगका लागि पत्राचार गर्ने भन्ने निर्णय भएको छ । साथै कोही कसैले सम्बन्धित वडा कार्यालयमा बुझाउनु पर्ने शुल्क नबुझाई काठ निकासी गर्न लागेको प्रहरी चौकी/ सव डिभिजन वन कार्यालय/ गाउँपालिकामा कार्यरत कर्मचारी वा जो कोही बाट जानकारी प्राप्त भएमा निकासी गर्न लागेको काठ रोक्का गरेर गाउँपालिकाको कार्यालयले आर्थिक ऐनले निर्धारण गरेको शुल्क असुल उपर गरी प्रति टिप रु. १०,०००।- ( दश हजार) जरिबाना समेत लिने र जरिबानाको ५०% रकम सम्बन्धित चेक जाँच गर्ने प्रहरी/कर्मचारी वा सुराकी गर्नेलाई प्रदान गर्ने निर्णय भएकाले सो को कार्यान्वयनका लागि सम्बन्धित सबैमा अनुरोध छ ।

पूर्ण प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**
श्रीमान् अध्यक्षज्यू
श्रीमान् उपाध्यक्षज्यू
श्री सब डिभिजन वन कार्यालय ,डाँडापाखर ।
(तहाँबाट हालसम्म उठेको शुल्क एवं बाँकी रसिद गा.पा कार्यालयमा बुझाइदिन हुन तथा अब उप्रान्त काठ नापजाँच पश्चात प्रमाणित परिमाणको विवरण सम्बन्धित वडा कार्यालयमा उपलब्ध गराइ दिन हुन र कोही कसैले गा.पा. मा दस्तुर बुझाएको रसिद विना निकासी गर्न खोजेमा रोक्का गरिदिई सूचना दिन हुन)
श्री प्रहरी चौकी ,मुडे (सहयोग गरिदिन हुन)
श्री प्रहरी चौकी , डाँडा पाखर (सहयोग गरिदिन हुन)
श्री प्रहरी चौकी , लिसंखु (सहयोग गरिदिन हुन)
श्री प्रहरी चेक पोष्ट, अंधेरी (सहयोग गरिदिन हुन)
श्री प्रहरी चौकी ,ठोकर्पा (सहयोग गरिदिन हुन)

**पुनश्च : कोही कसैले शुल्क नबुझाइकन काठ निकासी गर्न लागेको पाइएमा मो. नं. ९८५१०९०६६२ वा गा.पा. को संपर्क नंबरमा सूचना उपलब्ध गराइ जरिवानाको ५०% रकम प्राप्त गर्ने अवसरको सदुपयोग गर्न हुन ।**

संपर्क नं. : ०११६९१११७, ०११६९१११८ ईमेल: lisankhupakharmun@gmail.com, website: www. lisankhupakharmun.gov.np